भगवतीमाई गाँउपालिका

# गाउँकार्यपालिकाको कार्यालय

**पगनाथ,दैलेख**

**कर्णाली प्रदेश नेपाल**

**शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति :- २०८१/०४/२४**

यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क वितरण हुने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी तथा उपकरणहरु खरिद कार्य शिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त ईच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रित पूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दर भाउपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (२०८१/०५/०९ गते)भित्र कार्यालय समयमा नविकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७९/०८० सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको आन्तरिक राजस्व खाता नम्बर १५१०१०९३२८८०००९१ (Revenue model) मा रकम जम्मा गरेको बैंक भौचरको स्कान कपि समेत बोलपत्रसाथ पेश गर्नुपर्नेछ । साथै विद्युतीय संचारको माध्यमबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको Double portal (www.ppmo.gov.np) मा गई दरभाउपत्र फाराम E-Bid द्वारा दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

२. खरिद भएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०८१/०५/०९ गते) को १२.०० बजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको ०२:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिमदिन बिदा परेमा उक्तकार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।

३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३.१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्रउपर कारबाहीहुने छैन ।

५. दरभाउपत्र दाताबाट दरभाउपत्रको उल्लेखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । औषधीजन्य वस्तुमा मूल्य अभिवृद्धिकर नलाग्ने तर E-Bid Systemमा मूल्य अभिवृद्धि कर सावेश भई आए तापनि आर्थिक मूल्यांकन गर्दा मूल्य अभिवृद्धि कर नलाग्ने आइटमा मूल्य अभिवृद्धि कर बाहेकको कवोल अंक गणना गरि मूल्यांकन गरिनेछ । साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउँमा सहिछाप भएको हुनुपर्नेछ ।

६. विल अफ क्वान्टिटीमा उल्लेखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कवोल गरेको दररेटमा उपलब्ध गराउनु पर्नेछ ।

७. आपुर्ति कर्ताले WHO, GMP बाट मान्यता प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपुर्ति गर्नुपर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीहरुबाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य पेश गर्नु पर्नेछ ।

८. आपूर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम समेत उल्लेख गरी सोही अनुसार प्रत्येक औषधीको नमूना समेत अनिवार्य रुपले छुट्टै शिलवन्दी गरी पेश गर्नु पर्नेछ । नमूना औषधी पेश नगर्ने आपूर्ति कर्ताको दरभाउपत्र दर्ता गरिने छैन् ।

९. आपूर्ति गरिने औषधी मान्य अवधि (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तिमा १८ महिना बाँकी भएको हुनु पर्नेछ । १८ महिना भन्दा कम मान्य अवधि भएका औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनु पर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको स्ट्रीप र वोतलको प्रत्येक प्याकिङ्ग बाहिर उत्पादन मिति, मान्य अवधि (Expiry Date) तथा ब्याच नं. र निशुल्क वितरण गर्नु पर्ने औषधिको हकमा **"निशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनु पर्नेछ ।

११. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वाआंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

Scanned with CamScanner

१२. E-Bidding मार्फत बोलपत्र पेश गर्ने बोलपत्र दाताहरुको कार्यालयबाट बोलपत्र सम्बन्धी सम्पुर्ण कागजातको सक्कलप्रति -हार्ड कपि) माग भएमा यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

१३. E-Bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-Bidding प्रक्रियाबाटै गर्नुपर्ने छ ।

१४. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहति र अन्य प्रचलित ऐन कानून अनुसार हुनेछ ।

१५. अन्य कुरा बझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र ९८५८०२०८९९/९८५८०२०७९९ मा सम्पर्क गरी बुझ्न सकिने छ ।

| ठेक्का नम्वर | कामको विवरण | लागत अनुमान (मु.अ.क. सहित) | दर भाउपत्र जमानत रकम रु | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| BRM/MED/SQ/01/2081/082 | आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी तथा उपकरण खरिद | ४३०५,७४५।०५ | ११५,०००। | १०००। |

प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल